# संयुक्तराज्य अमेरिकाको संविधान

## अनौपचारिक अनुवाद

**(Unofficial Translation)**

USAID | NEPAL
FROM THE AMERICAN PEOPLE

## संयुक्तराज्यको संविधान, १७८७

**प्रस्तावना**: हामी संयुक्तराज्य अमेरिकाका जनताले एक परिस्कृत संघ स्थापना गर्न, न्याय प्राप्ति गर्न, देशमा शान्ति-सुरक्षा सुनिश्चित गर्न, लोककल्याण संवर्द्धन गर्न तथा हामी र हाम्रा सन्ततीहरुको भविष्य सुनिश्चित गर्न संयुक्तराज्य अमेरिकाका लागि यो संविधान निर्माण गरी जारी गरेका छौं ।

### धारा - १

**भाग-१**. सम्पूर्ण व्यवस्थापकीय अधिकार संयुक्तराज्य अमेरिकाको कांग्रेसमा अन्तरनिहित रहने छ, जसमा सिनेट र प्रतिनिधिसभा रहनेछन् ।

**भाग-२**. (१) विभिन्न राज्यका जनताहरुद्धारा हरेक दुई वर्षमा निर्वाचित सदस्यहरुबाट प्रतिनिधिसभाको गठन हुनेछ, र धेरै जसो राज्य व्यवस्थापिकाका निर्वाचकहरुका लागि आवश्यक योग्यता नै प्रत्येक राज्यको निर्वाचकहरुका लागि अनिवार्य हुनेछ ।

(२) २५ वर्ष पूरा नभएको, कम्तिमा ७ वर्ष देखि अमेरिकाको नागरिक नभएको तथा जुन राज्यबाट निर्वाचित हुने हो त्यस्तो राज्यको बासिन्दा नभएको व्यक्ति प्रतिनिधि हुन सक्ने छैन ।

(३) (निश्चित समयावधिको सेवाका लागि अनुवन्धितहरु र करको दायरामा समावेश नहुने आदिवासीहरु बाहेक सबै स्वतन्त्र व्यक्तिहरुको संख्यामा जोडेर हुन आउने सम्बन्धित राज्यको संख्याको आधारमा राज्यहरूबीच प्रतिनिधि र प्रत्यक्ष कर बाँडिनेछ,) संयुक्तराज्यको कांग्रेसको पहिलो बैठक बसेको तीन वर्ष भित्र प्रारम्भिक गणना गरिने छ र तत्पश्चात् हरेक १० वर्षको अवधिभित्र कानूनले निर्धारण गरे बमोजिम गणना गरिनेछ । हरेक तीस हजार जनताको एक जनाका दरले हुन आउने संख्याभन्दा बढी प्रतिनिधिको संख्या रहने छैन । यसरी प्रतिनिधि निर्धारण गर्दा हेरक राज्यमा कम्तिमा एक जना प्रतिनिधिको व्यवस्था हुनेछ र प्रतिनिधिको गणना नभएसम्म न्यू हेम्साएरले ३, मासाचुसेट्सले ८, रोड-आइल्यान्ड र प्रोभिडेन्स प्लानटेसनले १, कनेटिकटले ५, न्यू योर्कले ६, न्यू जर्सीले ४, पेन्सेल्भानियाले ८, डेलावयरले १, म्यारील्याण्डले ६, भर्जिनियाले १०, नर्थ क्यारोलिनाले ५, साउथ क्यारोलिनाले ५ र जर्जियाले ३ प्रतिनिधिहरु पठाउन सक्नेछन् ।

(४) कुनै पनि राज्यमा प्रतिनिधि रिक्त रहन गएमा कार्यकारी अधिकारीले त्यस्तो रिक्त स्थान पूर्ति गर्न निर्वाचन सम्बन्धि घोषणापत्र जारी गर्नेछ ।

(५) प्रतिनिधिसभाले आफ्नो सभामुख र अरु आवश्यक पदाधिकारीहरु चयन गर्नेछ र महाअभियोग सम्बन्धि सम्पूर्ण अधिकार प्रतिनिधिसभामा निहित रहनेछ ।

### सिनेट

**भाग-३**. (१) प्रत्येक राज्यबाट छ वर्षका लागि दुईजनाका दरले प्रतिनिधित्व गर्ने सिनेटरहरुबाट संयुक्तराज्य अमेरिकाको सिनेट गठन हुनेछ र प्रत्येक सिनेटरलाई एक मतको अधिकार रहनेछ ।

(२) पहिलो निर्वाचनको परिणाम लगतै निजहरू तीन बराबर समूहमा विभाजित हुनेछन् । पहिलो समूहका सिनेटरहरुको पदावधी दुई वर्षको अन्तमा पूरा हुनेछ । दोस्रो समूहका सिनेटरहरुको चार वर्षमा र तेस्रो समूहका सिनेटरहरुको पदावधी ६ वर्षको अन्तमा पुरा हुनेछ, यसो गर्दा एक तिहाइ सिनेटरहरुको चयन हरेक २ वर्षमा हुनेछ । ( राजीनामाका कारण वा अन्य कुनै कारणले कुनै सदस्यहरुको पद रिक्त हुन गएमा

व्यवस्थापिकाको अर्को बैठक नबसेसम्मका लागि कार्यपालिकाले अस्थायी नियुक्ति गर्न सक्नेछ र त्यस्तो रिक्त पदहरु परिपूर्ति भएको मानिने छ ।

(३) ३० वर्ष पुरा नभएको, नौ वर्ष देखि संयुक्तराज्यको नागरिक नभएको तथा जुन राज्यबाट निर्वाचित हुने हो त्यस राज्यको बासिन्दा नभएको कुनै पनि व्यक्ति सिनेटर हुन योग्य मानिने छैन ।

(४) संयुक्तराज्यको उपराष्ट्रपति सिनेटको पदेन अध्यक्ष हुनेछ, निजलाई मत बराबर रुपमा विभाजन भएको अवस्थामा बाहेक मतदानको अधिकार हुने छैन ।

(५) सिनेटले आफ्ना अरु पदाधिकारीहरुको मनोनयन गर्न सक्नेछ र उपराष्ट्रपतिको अनुपस्थितिमा वा राष्ट्रपतिको कार्यालयको कार्यभार सम्हाल्नु परेमा सिनेटले कार्यवाहक सभापतिको चयन गर्नेछ ।

(६) महाअभियोग सम्बन्धि सम्पूर्ण अधिकार सिनेटमा निहित हुनेछ । महाअभियोग सम्बन्धि सुनुवाईमा भाग लिनु अघी, उनीहरुले सपथ लिनु पर्नेछ । संयुक्तराज्यको राष्ट्रपति विरुद्धको महाअभियोग सुनुवाईमा प्रधान न्यायाधीशले अध्यक्षता गर्नेछन् । कम्तिमा दुई तिहाई सदस्यहरुको उपस्थितिको सहमति बिना कोही पनि दोषी ठहरीने छैन ।

(७) महाअभियोग सम्बन्धि अभियोगको निर्णयबाट अधिकतम पदमुक्त सम्मको सजाय हुनेछ र त्यस्तो अभियुक्त प्रमाणित भएको व्यक्ति संयुक्तराज्य अन्तर्गतका कुनै पनि निकायमा लाभको पद ग्रहण गर्न अयोग्य मानिने छ । तर त्यस्तो अभियोग प्रमाणित भएको व्यक्तिलाई सजायका लागि जवाफदेही बनाईने छैन ।

## कांग्रेस

**भाग-४.** (१) सिनेटरहरू तथा प्रतिनिधिसभाका सदस्यहरूको निर्वाचन, त्यस्तो निर्वाचन हुने समय, स्थान र निर्वाचन सम्बन्धि अन्य कार्यविधि प्रत्येक राज्यको व्यवथापालिकाले तोके बमोजिम हुनेछ, तर कांग्रेसले कानूनद्धारा, सिनेट मनोनयन गरिने स्थानहरुको बारेमा वाहेक, जुनसुकै समयमा त्यस्ता नियमहरु बनाउन वा खारेज गर्न सक्नेछ ।

(२) कांग्रेसको बैठक वर्षमा कम्तीमा एक पटक बस्नेछ र त्यस्तो बैठक कानूनले अन्यथा तोकेको अवस्थामा बाहेक (डिसेम्बर महिनाको पहिलो सोमबार) मा बस्नेछ ।

**भाग-५.** (१) प्रत्येक सदन निर्वाचन तथा आफ्ना सदस्यहरुको योग्यता निर्धारण गर्ने सम्बन्धमा निर्णायक मानिनेछ र सदनको बहुमत गणपूरक संख्या मानिने छ । कम उपस्थितिले प्रत्येक दिन बैठक स्थगित हुने अवस्था सिर्जना भएमा प्रत्येक सदनले अनिवार्य उपस्थितिको लागि आव्हान गर्न सक्नेछ र अनुपस्थितिका लागि आवश्यक सजाय समेत निर्धारण गर्न सक्नेछ ।

(२) प्रत्येक सदनले आफ्नो कार्यविधि आफैं निर्माण गर्न सक्नेछ र खराव आचरणका लागि आफ्ना सदस्यहरुलाई कारवाही गर्न तथा दुई तिहाई सदस्यहरुको सहमतीमा त्यस्ता सदस्यहरुलाई निष्कासित गर्न समेत सक्नेछ ।

(३) प्रत्येक सदनले आफ्नो कामकारवाहीको अभिलेख राख्नेछ र गोप्य राख्नु पर्ने कुराहरु बाहेक अन्य विषयहरु समावेश गरी त्यस्तो अभिलेख समय समयमा प्रकाशन गर्नेछ । कुनै सदनका सदस्यहरुद्धारा कुनै

प्रश्नको सम्बन्धमा “हुन्छ” वा “हुँदैन” भन्ने राय व्यक्त भएको अवस्थामा १/५ उपस्थित सदस्यहरुको इच्छा अनुसार त्यस्तो विषयलाई अभिलेखमा समेट्न सकिने छ ।

(४) कुनैपनि सदन, कांग्रेसको सदन चालु रहेको अवधिमा, अर्को सदनको सहमती बिना तीन दिन भन्दा बढी समयका लागि स्थगन हुन र दुवै सदन बसिरहेको ठाउँ भन्दा अरु कुनै स्थानमा स्थानान्तरण हुन सक्ने छैन ।

**भाग-६**. (१) सिनेटर तथा प्रतिनिधिहरुले आफ्नो सेवा बापत संयुक्तराज्यको संचित कोषबाट कानूनले तोके बमोजिमको पारिश्रमिक पाउनेछन् । देशद्रोह, महाअपराध तथा शान्ति खलबलाउने अपराधमा संलग्न भएको अवस्थामा बाहेक सिनेटर तथा प्रतिनिधिहरुलाई आफ्नो सदनको अधिवेशनमा भाग लिइरहेको समयमा तथा सदनमा आउँदै र जाँदै गरेको अवस्थामा तथा सदनमा व्यक्त गरेको कुनै कुरा वा दिएको कुनै मतलाई लिएर पक्राउ गर्न अथवा वादविवादको विषयमा अरु कुनै पनि स्थानमा प्रश्न उठाउन पाइने छैन ।

(२) कुनै पनि सिनेटर वा प्रतिनिधिले आफू निर्वाचित भएको समयमा संयुक्तराज्य अन्तर्गतका कुनै पनि सरकारी कार्यालयमा नियुक्ति लिन पाउने छैनन् । संयुक्तराज्य अन्तर्गतका कुनै पनि सरकारी कार्यालयमा बहाल रहेको व्यक्ति आफ्नै पदमा बहाल रहेसम्म कुनै पनि सदनको सदस्य हुन सक्नेछैन ।

**भाग-७**. (१) राजस्व संकलन सम्बन्धि सबै विधेयकहरु प्रतिनिधिसभामा पेश गरिनेछन्, तर सिनेटद्धारा त्यस्तो विधेयक माथि अरु विधेयक झैं संशोधन प्रस्ताव पेश गर्न बाधा पुगेको मानिने छैन ।

(२) प्रतिनिधिसभा तथा सिनेटद्धारा पारित विधेयक, कानूनको हैसियत प्राप्त गर्नु पूर्व, लालमोहरका लागि संयुक्त राज्यको राष्ट्रपति समक्ष पेश गरिनेछ । त्यसरी प्रस्तुत भएको विधेयकमाथि राष्ट्रपतिले स्वीकृतीका लागि हस्ताक्षर गर्ने छ । तर स्वीकृती प्रदान गर्न नसकिने भएमा त्यस्तो विधेयकलाई आफ्नो टिप्पणी सहित विधेयक उत्पत्ति भएको सदनमा फिर्ता पठाउनु पर्ने छ । यसरी फिर्ता आएको विधेयकमाथि पुनर्विचार गर्दा उक्त सदनका दुई तिहाई सदस्यहरुले विधेयक पारित गर्न सहमती प्रदान गरेमा त्यस्तो विधयेक सुझाव सहित अर्को सदनमा पठाइने छ र त्यस्तो विधेयक माथि पुनःविचार हुँदा उक्त सदनको दुई तिहाई मतद्धारा पारित भएमा त्यस्तो विधेयक कानून भएको मानिने छ । तर सबै अवस्थामा यस्ता विधयेकहरु पारित गर्दा दुवै सदनको हुन्छ वा हुन्न भन्ने मतद्धारा निर्धारण गरिने छ र सम्बन्धित सदनको अभिलेखमा विधयेकको पक्ष र विपक्षमा मत हाल्ने सदस्यहरुको नामावली समावेश गरिनेछ । राष्ट्रपतिद्धारा विधयेक प्रस्तुत भएको मितिले १० दिन भित्र (आइतवारहरु वाहेक) विधयेक फिर्ता नभएमा त्यस्तो विधयेक स्वतः स्वीकृत भएको मानिने छ ।

(३) सिनेट तथा प्रतिनिधिसभाको संयुक्त सहमती आवश्यक हुने हरेक आदेश, प्रस्ताव वा मत (स्थगित गर्ने प्रश्नमा बाहेक) संयुक्तराज्यको राष्ट्रपति समक्ष पेश गरिने छ र त्यस्तो आदेश, प्रस्ताव वा मत प्रभावकारी हुनुपूर्व राष्ट्रपतिद्धारा स्विकृत वा अस्विकृत भएमा दुई तिहाई सिनेट र प्रतिनिधिसभाद्धारा विधयेक सम्बन्धमा तोकिएको कार्यविधिको अधीनमा रही पुनः पारित गरिनेछ ।

**भाग-८**. ऋण असुली तथा सर्वसाधारणको सुरक्षाको लागि तथा संयुक्तराज्यको कल्याणकारी कार्यकालागि कर, राजस्व, महसूल तथा अन्तशुल्क लगाउने र उठाउने सबै अधिकार कांग्रेसमा निहित रहनेछ । तर राजस्व, महसूल तथा अन्तशुल्क संयुक्तराज्यभरि नै एउटै किसिमको हुनेछ ।

- संयुक्तराज्यवाट ऋण स्वरुप रकम सापटी लिन
- विदेशी राष्ट्रहरुसंग, विभिन्न राज्यहरुबीच तथा आदीवासीहरुसँग व्यापार व्यवसाय व्यवस्थापन गर्न

- संयुक्तराज्य भरि टाट पल्टिएको स्थिति सम्बन्धि एकरुप कानून तथा अंगीकृत नागरिकता सम्बन्धि एकरुप नियमहरु स्थापना गर्न
- मुद्रा बनाउन साथै विदेशी सिक्काको मूल्य नियन्त्रण गर्न र नाप तौलको स्तरको निर्धारण गर्न
- संयुक्त राज्यमा प्रचलित सिक्का तथा धितो पत्र नक्कली उत्पादन गरेमा सजाय दिन
- हुलाक कार्यालय तथा सडक विभाग स्थापना गर्न
- लेखक तथा आविष्कारकहरुको कृति तथा आविष्कारमाथिको पूर्ण अधिकारलाई संरक्षण प्रदान गर्न विज्ञान तथा उपयोगी कलाहरुको उत्थान संवद्धन गर्न
- सर्वोच्च अदालतको मातहतमा न्यायाधिकरण स्थापना गर्न
- उच्च समुन्द्रमा हुने समुद्रि चोरी, डकैती तथा राष्ट्रिय कानून विरुद्धको अपराधको परिभाषा गरी त्यसलाई सजाय दिन
- युद्धको घोषणा गर्न, उत्पादित बस्तु तथा आबृत्तिको अनुमती प्रदान गर्न र जमीन वा पानीको अतिक्रमण सम्बन्धि नियम निर्धारण गर्न
- सेना सहयोग तथा भर्ती गर्न, तर उक्त कार्यका लागि दुई वर्षसम्मको अवधि भन्दा धेरै समयका लागि रकम छुट्याउन पाइने छैन
- नौसेनाको व्यवस्थापन गर्न
- जमीन तथा नौसेनाको संचालन सम्बन्धी नियमहरु बनाउन
- जनसेना सम्बन्धी संघको कानुन कार्यान्वयन गर्न, विद्रोह तथा आक्रमणको प्रतिकार गर्न
- जनसेनालाई संगठित गर्न, हतियारधारी बनाउन, अनुशासित बनाउन र संयुक्तराज्यको सेवामा काम गर्न सक्ने अंगको व्यवस्थापन गर्न, कर्मचारी एवं अधिकारीहरुको नियुक्ति र जनसेनालाई तालिम दिने अधिकार कांग्रेसले निर्धारण गरेको नियम पद्धति अनुसार, सम्बन्धित राज्यमा रहने छ
- सबै अवस्थामा (दश वर्ग माइलभन्दा बढी क्षेत्रफल नभएको) जिल्लामा जो कुनै राज्यको जमीन टुक्रिएर सिर्जित भएमा, यदि कांग्रेसले अपनाएमा त्यो राज्य सरकारको एक अंग बन्नेछ र सम्पूर्ण स्थानमा एक निकाय सरह काम गर्न, व्यवस्थापिकाको सहमतिले किनिएको ठाउँहरुमा किल्ला खडा गर्न, पत्रपत्रिका, हतियार भण्डारकक्ष, समुद्र तट र आवश्यक भवन खडा गर्न पाउनेछ र सम्पूर्ण आवश्यक कानूनको संविधानमा उल्लेखित अन्य शक्तिको प्रयोग, अन्य कुनै विभाग वा कार्यालयमा पनि गर्न सकिनेछ
- यो संविधानद्धारा संयुक्तराज्यको सरकार वा संयुक्तराज्यको कुनै निकाय वा अधिकारीलाई प्रद्धत्त अधिकार तथा पछि सिर्जना हुने अधिकारको कार्यान्वयनकालागि आवश्यक सबै कानूनहरु निर्माण गर्न

**भाग-९.** (१) कुनै व्यक्तिको बसाइ सराई वा पैठारीलाई अहिलेसम्म अस्तित्वमा रहेका कुनै राज्यले उचित ठानी अनुमती दिएकोमा सन् १८०८ भन्दा पूर्व कांग्रेसले प्रतिवन्ध लगाउन सक्ने छैन । त्यस्तो पैठारी माथि प्रत्येक व्यक्तिकालागि १० डलरमा नबढ्ने गरी कर वा भन्सार लगाउन भने यो व्यवस्थाले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

(२) विद्रोह वा आक्रमणका कारण सार्वजनिक सुरक्षाको रक्षा गर्नुपर्ने अवस्थामा बाहेक बन्दीप्रत्यक्षीकरणको रिटको अधिकार निलम्बित हुनेछैन ।

(३) कुनै पनि सर्वस्व हरण वा मृत्युदण्ड र पहिले गरेको कुनै कामलाई पछि बन्ने कानुनले सजाय गर्न मिल्ने गरी कुनै पनि विधेयक पारित गरिने छैन ।

(४) जनसंख्याको अनुपातमा वा जनगणनामा पहिले नै तोकिएको अवस्थामा बाहेक प्रति व्यक्ति कर वा अन्य प्रत्यक्ष कर लगाउन पाइने छैन ।

(५) कुनै एक राज्यबाट अर्को राज्यमा निर्यात गरेको वस्तुमाथि कुनै कर वा महशुल लागाइने छैन ।

(६) कुनै एक राज्यको वन्दर्गाहा भन्दा अरुराज्यको वन्दर्गाहालाई व्यापार वा राजस्व नीतिमा प्राथमिकता दिइने छैन र एक राज्यको पानी जहाज अर्को राज्यको वन्दर्गाहा जानबाट रोकिने छैन ।

(७) कानून बमोजिम बाहेक संचित कोषबाट कुनै पनि रकम निकासा गरिने छैन । नियमितरुपमा विवरण र सार्वजनिक रकमको खर्च तथा भरपाईको विवरण समय समयमा प्रकाशन गरिनेछ ।

(८) संयुक्तराज्यद्धारा कसैलाई पनि विशेषाधिकार प्रदान गरिने छैन र कांग्रेसको स्विकृति बिना सरकारी कामकाजमा संलग्न जोसुकै व्यक्तिले कुनै प्रकारको उपहार, भत्ता, कार्यालय वा उपनाम र अन्य केहि कुरा, कुनै पनि विदेशी राज्यका राजा, राजकुमार वा राज्यबाट कुनै सुविधा प्राप्त गर्ने छैन ।

**भाग-१०.** (१) कुनै पनि राज्यले सन्धी, सम्झौता वा गठबन्धन निर्माण गर्न, मुद्रा बनाउन ऋण सम्बन्धि विधेयकलाई हटाउन, ऋण तिर्नकोलागि टेण्डर आव्हान गर्न, अपराधका कारणले नागरिक अधिकार वञ्चित गर्ने खालको विधेयक पारित गर्न, भूतलक्षित (पश्चादर्शी) कानुन बनाउन वा करारीय दायित्व हटाउने सम्बन्धि कानुन बनाउन वा विशेषाधिकारको उपाधि प्रदान गर्न पाउने छैन ।

(२) सुपरिवेक्षण सम्बन्धि आफ्ना कानूनहरु कार्यान्वयन गर्न अति आवश्यक भएको अवस्थामा बाहेक कांग्रेसको अनुमतिबिना कुनै पनि राज्यले आयात वा निर्यातमा महशुल वा कर लगाउन पाउने छैन र आयात तथा निर्यात अन्तर्गत कुनै राज्यद्धारा जम्मा गरिएको महशुल तथा शुल्कको खुद आय संयुक्तराज्यको संचितकोषमा जम्मा हुनेछ र यस सम्बन्धि सबै कानूनहरु संशोधन र नियन्त्रण कांग्रेसको मातहातमा हुनेछ ।

(३) कांग्रेसको अनुमतिबिना कुनै पनि राज्यले आक्रमण वा तत्काल खतराको अवस्था सिर्जना नभएसम्म पानी जहाजको क्षमताको कर लगाउन, फौज राख्न वा शान्तिको बेलामा युद्धका निम्ति पानी जहाज खडा गर्न वा कुनै अर्को राज्यसँग वा वैदेशिक शक्तिसँग सहमति गर्न वा युद्धमा प्रवेश गर्न पाउने छैन ।

## धारा - २

**भाग-१.** (१) सम्पूर्ण कार्यकारिणी अधिकार संयुक्तराज्य अमेरिकाको राष्ट्रपतिमा निहित रहनेछ । राष्टपतिको पदावधी उपराष्टपतिको पदावधी सरह चार वर्षको हुने छ । निजको निर्वाचन निम्नअनुसार हुनेछ ।

(२) व्यवस्थापिकाको निर्देशन अनुरुप हरेक राज्यले कांग्रेसमा सम्मिलित सिनेटरहरु र प्रतिनिधिसभा सदस्यका पुरा संख्या बराबरको निर्वाचकहरु नियुक्त गर्नेछ तर संयुक्तराज्य अन्तर्गत सरकारी कार्यालय वा लाभको पद धारण गरेको व्यक्ति, सिनेटर वा प्रतिनिधि निर्वाचक हुन अयोग्य मानिने छ ।

(३) निर्वाचकहरुले सम्बन्धित राज्यमा भेला भई दुई जना व्यक्तिलाई मत दिन सक्नेछन्, जसमा एकजना व्यक्ति आफ्नो राज्यको बासिन्दा नभएको हुनु पर्नेछ । निर्वाचकहरुले मत प्राप्त गरेका व्यक्तिहरुको सूचि, प्रत्येकले प्राप्त गरेको मतसंख्या तयार गरी त्यसमा सहिछाप र प्रमाणित गरी सिलवन्दी सहितको फारम संयुक्तराज्यको सरकार समक्ष पेश गर्नेछन् । सिनेटको अध्यक्षले सिनेट तथा प्रतिनिधिसभाको उपस्थितिमा सबै कागजातहरु खोल्नेछन् र मतगणना कार्य प्रारम्भ हुनेछ । सबै भन्दा बढी मत प्राप्त व्यक्ति राष्ट्रपतिको पदमा निर्वाचित हुनेछ । यसकालागि उक्त मतसंख्या सबै निर्वाचक संख्याको बहुमत हुनुपर्नेछ । यदि एक भन्दा बढी व्यक्तिले त्यस्तो बहुमत प्राप्त गरेमा तथा वरावर मत संख्या हुन गएमा प्रतिनिधिसभाले तत्काले त्यस्ता व्यक्तिहरु मध्येबाट एकजनालाई राष्ट्रपति पदमा निर्वाचित गर्नेछ । यसबाट पनि कुनै एक व्यक्तिले बहुमत प्राप्त गर्न नसकेमा सूचिकृत उमेदवारहरु मध्ये सबै भन्दा बढी मत प्राप्त पाँच उम्मेदवारहरु मध्येबाट प्रतिनिधिसभाले एक जना राष्ट्रपतिको चयन गर्नेछ । तर राष्ट्रपतिको चयन गर्दा मतहरु राज्यद्धारा लिइने छ । प्रत्येक राज्यको प्रतिनिधिलाई एक मतको अधिकार हुनेछ । यसकालागि दुई तिहाइ राज्यका सदस्य वा सदस्यहरुको संख्या गणपुरक संख्या हुनेछ र निर्णयकालागि सबै राज्यहरुको बहुमत आवश्यक हुनेछ । प्रत्येक अवस्थामा राष्ट्रपतिको छनोट भइसकेपछि निर्वाचकहरुबाट सबै भन्दा बढी मत प्राप्त गर्ने व्यक्ति उपराष्ट्रपति पदमा निर्वाचित हुनेछ । यदि दुई वा दुईभन्दा बढी उम्मेदवारहरुले बराबरी मत प्राप्त गरेमा सिनेटले निर्वाचनको माध्यमद्धारा एकजनालाई उपराष्ट्रपति पदमा छनोट गर्नेछ ।

(४) कांग्रेसले निर्धारण गरेको समयमा निर्वाचकहरुको मतदान हुनेछ र त्यसरी तोकेकै दिनमा संयुक्तराज्य भरी नै निर्वाचन हुनेछ ।

(५) जन्मजात नागरिक वा यो संविधान लागू हुँदाका बखत संयुक्तराज्यको नागरिक भएको व्यक्ति बाहेक अरु व्यक्ति राष्ट्रपति पदकालागि योग्य मानिने छैन, ३५ वर्ष नपुगेको तथा कम्तीमा १४ वर्ष देखि अमेरिकामा बसोबास नगरेको व्यक्ति पनि राष्ट्रपतिका लागि योग्य मानिने छैन ।

(६) मृत्यु भएको वा आफ्नो पदबाट राजीनामा दिएको वा आफ्नो अधिकार तथा कर्तव्यको पालना गर्न असक्षम भएबाट राष्ट्रपतिको पद मुक्त भएमा राष्ट्रपतिको जिम्मेवारी उपराष्ट्रपतिद्धारा बहन हुनेछ । राष्ट्रपति तथा उपराष्ट्रपतिको मृत्यु, राजीनामा वा असक्षमताका कारण पद मुक्त हुने अवस्था र अर्को राष्ट्रपति निर्वाचन नभएसम्म वा त्यस्तो असक्षमता मुक्त नभएसम्मका लागि राष्ट्रपतिले जिम्मेवारी सम्हाल्ने सम्बन्धि व्यवस्था कांग्रेसले कानूनमा तोके बमोजिम हुनेछ ।

(७) राष्ट्रपतिले आफ्नो सेवाका लागि तोकिएको समयमा तलब सुविधा प्राप्त गर्नेछ, निर्वाचित भएको समयावधिसम्म निजको तलब सुविधामा कुनै घटिवढी हुने छैन र संयुक्तराज्य वा अन्य कसैबाट अन्य कुनै तलब सुविधा निजले प्राप्त गर्ने छैन ।

(८) राष्ट्रपतिको कार्यभार सम्हाल्नुअघि राष्ट्रपतिले निम्न अनुसारको सपथ लिनुपर्ने छ । "म सत्यनिष्ठा पूर्वक प्रतिज्ञा गर्छु कि संयुक्त राज्यको राष्ट्रपतिको कार्यालयको कार्यभार इमान्दारिताका साथ सम्हाल्ने छु र मेरो क्षमताले भ्याएसम्म संयुक्त राज्यको संविधानको संवर्द्धन सुरक्षा र प्रतिरक्षा गर्नेछु ।

**भाग-२**. (१) राष्ट्रपति संयुक्तराज्यको सैनिक तथा नौसैनिकको "परमाधीपति" हुनेछ, र संयुक्तराज्यको सेवामा बोलाइएमा अन्य राज्यहरुका जनसेनाहरुको पनि "परमाधीपति" हुनेछ । निजले आफू अन्तर्गतका प्रत्येक कार्यकारी विभागका प्रमुखहरुबाट उनीहरुको कर्तव्यसँग जोडिएका कुनै पनि विषयमा लिखित राय सुझाव माग्न तथा महाअभियोगको मुद्दाबाहेकका संयुक्तराज्य विरुद्धका अपराधहरुको सजायलाई माफी वा कम गर्न सक्नेछ ।

(२) सिनेटको सुझाव र स्विकृतीमा निजसँग सन्धी गर्ने अधिकार निहित रहने छ जसका निम्ति सिनेटको दुई तिहाईको सहमती आवश्यक हुनेछ र सिनेटको सुझाव र स्वीकृति लिई राजदूतहरुको, अरु सरकारी मन्त्रीहरु र वाणिज्यदूतहरु, सर्वोच्च अदालतका न्यायाधीश र संयुक्तराज्यका अन्य पदाधिकारीको नियुक्त गर्न सक्नेछ । यस्तो नियुक्ति कानून अनुसार मात्रै गर्न सकिनेछ, तर कांग्रेसले कानून बमोजिम त्यस्ता सामान्य पदाधिकारीहरुको नियुक्ति गर्न सक्ने अधिकार राष्ट्रपति एक्लै वा अदालत वा विभागीय प्रमुखलाई दिन सक्नेछ ।

(३) सिनेटको अधिवेशन चालु नभएको अवस्थामा रिक्त पदहरु पूर्ति गर्ने अधिकार राष्ट्रपतिलाई हुनेछ, जसको प्रभावकारिता अर्को अधिवेशनको अन्त्यसम्म हुन्छ ।

**भाग-३**. निजले समय समयमा राज्यहरुको गतिविधिबारेमा कांग्रेसलाई जानकारी गराउनु पर्नेछ र आफूलाई उचित लागेका उपायहरु अवलम्बन गर्न सिफारिस गर्ने असाधारण अवस्थामा दुवै वा कुनै एक सदनको बैठक आव्हान गर्ने, बैठक स्थगित गर्ने सम्बन्धमा मत विभाजन भएमा आफूले उचित सम्झेको समयमा बैठक स्थगित गर्ने, राजदूत तथा अन्य सरकारी मन्त्रीहरुबाट ओहदाको प्रमाणपत्र ग्रहण गर्ने, कानूनहरु विश्वासनीय ढंगले कार्यान्वयन भए नभएको वारे ध्यान दिने तथा संयुक्तराज्यका सबै तहका पदाधिकारीहरुलाई आदेश जारी गर्न सक्ने अधिकार हुनेछ ।

**भाग-४**. राष्ट्रपति, उपराष्ट्रपति तथा संयुक्तराज्यका सबै निजामती अधिकारीहरु देशद्रोह, भ्रष्ट्राचार वा अन्य गंभीर प्रकृतिका अपराध तथा खराब आचरणको अभियोगमा महाअभियोगबाट पदमुक्त हुनेछन् ।

## धारा - ३

**भाग-१**. संयुक्तराज्यको न्यायिक अधिकार एउटा सर्वोच्च अदालत र कांग्रेसद्वारा समय-समयमा कानूनद्धारा स्थापना गरिएका तल्लो तहका अदालतहरुमा निहित हुनेछ । सर्वोच्च तथा मातहतका दुबै अदालतका न्यायाधीशहरु असल आचरण कायम रहेसम्म पदमा वहाल रहनेछन् । निजहरुले तोकिए बमोजिमको सेवा सुविधा प्राप्त गर्नेछन् । निजहरुले प्राप्त गर्ने सेवा सुविधामा पदमा वहाल रहेसम्मको अवधिमा कुनै कटौती हुने छैन ।

**भाग-२**. (१) न्यायिक अधिकारको प्रयोग कानून, न्याय तथा संविधान, प्रचलित वा पछि बन्ने सन्धी सम्झौताहरु, सबै अवस्थाका राजदूत, अन्य सरकारी मन्त्री तथा वाणिज्यदूतहरु, सबै अवस्थाका नौसेनाध्यक्ष तथा सामुन्द्रिक क्षेत्राधिकारका विषयहरु, संयुक्तराज्य पक्ष भएका विवादहरु, दुई वा दुईभन्दा बढी राज्यहरुबीचको विवादहरु, विभिन्न राज्यका नागरिक बीचको विवाद, विभिन्न राज्यबाट अनुदान स्वरुप प्राप्त जग्गाको हक दावी सम्बन्धि एउटै राज्य नागरिक बीचको विवाद, एउटा राज्य वा त्यहाँको नागरिकहरु तथा विदेशी राज्य, नागरिक वा विषयहरु बीच समानरुपले लागू हुनेछ ।

(२) राजदूतहरु, सरकारी मन्त्रीहरु, वाणिज्यदूतहरु तथा राज्य पक्ष हुने सबै विषयहरुमा सर्वोच्च अदालतको शुरु क्षेत्राधिकार हुनेछ । माथि उल्लेख गरिएका अन्य विषयहरुको हकमा सर्वोच्च अदालतको पुनरावेदकीय क्षेत्राधिकार हुनेछ । जस अन्तर्गत सर्वोच्च अदालतले कांग्रेसले कानूनमा तोकिएका अपवादहरुको अधीनमा रही कानून र तथ्य दुवै माथिको क्षेत्राधिकार प्रयोग गर्नेछ ।

(३) महाअभियोगको विषय देखि बाहेकका सबै अपराधहरुको पुर्पक्ष जुरीले गर्ने छ । त्यस्तो पुर्पक्ष अपराध भएको राज्यमा गरिने छ, कुनै पनि राज्य भित्र अपराध नभएको अवस्थामा कांग्रेसले कानूनद्धारा तोकेको स्थान वा स्थानहरुमा त्यस्तो पुर्पक्ष सम्पन्न हुनेछ ।

**भाग-३.** (१) राज्य विरुद्धको युद्धमा संलग्न रहेको वा राज्यका शत्रुहरुसँग मिलेर उनीहरुलाई सहयोग वा राहत प्रदान गरेको कार्यमात्र संयुक्तराज्य विरुद्धको द्रोह मानिने छ । दुई प्रत्यक्षदर्शीको बयान वा अदालत समक्ष अभियुक्तले गरेको स्वीकारोक्ति बिना कुनै व्यक्तिलाई देशद्रोही ठहराउन मिल्नेछैन ।

(२) देशद्रोहीको दण्डसजाय तोक्ने अधिकार कांग्रेसमा निहित हुनेछ । देशद्रोहको सजाय पाएको व्यक्तिले जिन्दगी भर आफ्नो सम्पत्ति आफ्नो उत्तराधिकारीमा हस्तान्तरण गर्न पाउने छैन र निजको सम्पत्ति जफत गरिने छ । तर उसको मृत्यु पछि त्यो सम्पत्ति उत्तराधिकारीलाई हस्तान्तरण गर्न योग्य मानिनेछ ।

## धारा - ४

**भाग-१.** प्रत्येक राज्यको सार्वजनिक कार्य, अभिलेख तथा न्यायिक कामकारवाहीमा अरु राज्यको पूर्ण आस्था र सम्मान रहने छ । कांग्रेसले त्यस्तो कार्य तथा न्यायिक कामकारवहीको प्रमाणीकरण र प्रभाव कानुन अनुसार  निर्धारण गरे बमोजिम हुनेछ ।

**भाग-२.** (१) प्रत्येक राज्यका नागरिकहरुले अरु राज्यका नागरिक सरहका सुविधा तथा अधिकारहरु उपभोग गर्नेछन् ।

(२) देश द्रोह जघन्य अपराध वा अन्य अपराधमा कुनै राज्यमा आरोपित व्यक्ति फरार भई अर्को राज्यमा फेलापरेमा त्यस्तो राज्यको कार्यकारी अधिकारीको अनुरोधमा त्यस्तो फरारी व्यक्तिलाई उक्त अपराधको क्षत्राधिकार भएको राज्यमा बुझाईने छ ।

(३) एउटा राज्यमा, कानुन बमोजिमको कुनैपनि काम वा श्रममा भएको मान्छे भागेर अर्को राज्यमा गएमा त्यहाँको कुनैपनि कानुन वा नियम अनुसार उसलाई त्यो कामबाट छुट्कारा दिइनेछैन, हक दावि गरेको खण्डमा त्यो पक्ष जोसँग उसको काम बाँकी छ उसलाई त्यस्तो व्यक्तिको जिम्मा लगाइनेछ।

**भाग-३.** (१) कांग्रेसले नयाँ राज्यहरु संघभित्र समावेश गराउन सक्नेछ तर सम्बन्धित राज्यको व्यवस्थापिका र कङग्रेसको सहमति बिना एउटा  राज्यको अधिकार क्षेत्र  भित्र नयाँ राज्य स्थापना गर्न वा कुनै दुई वा सो भन्दा बढी राज्य वा कुनै राज्यको केहि भागहरु गाभेर नयाँ राज्य बनाउन पाइने छैन ।

(२) संयुक्तराज्यको सीमा, मर्यादा तथा सम्पत्तिको रक्षा सम्बन्धि सम्पूर्ण नियम कानून निर्माण तथा खारेज गर्ने अधिकार कांग्रेसमा निहित हुनेछ । संयुक्तराज्य अथवा कुनै एक राज्यको दावीलाई क्षति पुऱ्याउने कुनै प्रकारका प्रावधानहरु यस संविधानमा समावेश गरिने छैन ।

**भाग-४**. संयुक्तराज्यले सबै राज्यहरुमा गणतान्त्रिक संरचनाको सरकार सुनिश्चित गर्नेछ, र आक्रमणको प्रतिरक्षा र आन्तरिक हिंसाको विरुद्ध व्यवस्थापिका वा **कार्य**पालिकाको व्यवस्थापिका संचालन हुन नसकेको खण्डमा कार्यान्वयनको सुनिश्चितता प्रदान गर्नेछ ।

## धारा - ५

दुवै सदनका दुई तिहाई सदस्यहरुद्वारा आवश्यक ठानिएमा कांग्रेसले संविधान संशोधनको प्रस्ताव पेश गर्नुपर्ने छ । त्यस्तै विभिन्न राज्यका दुई तिहाई व्यवस्थापिका सदस्यहरुको आवदेन प्राप्त भएमा कांग्रेसले अधिवेशनद्वारा संशोधन प्रस्ताव गर्नेछ । यसरी प्रस्ताव गरिएका संशोधनहरु तीन चौथाई व्यवस्थापिको मत वा तीन चौथाई व्यवस्थापिका अधिवेशनद्वारा अनुमोदन भएमा संविधानको अंगका रुपमा मान्य हुनेछन् । अनुमोदनको प्रक्रिया कांग्रेसद्वारा प्रस्ताव गरिनेछ । अनुमोदन मान्य हुनका लागि सन् अठार सय आठ पूर्व गरिएका अनुमोदनले धारा १ को भाग नौ को पहिलो र चौथो उप वाक्यलाई असर पार्ने छैन र कुनै राज्यको सहमति बिना सो राज्यलाई सिनेटमा समान प्रतिनिधित्वको हकबाट वञ्चित गर्न पाइने छैन ।

## धारा - ६

(१) यो संविधान लागू हुनु पूर्व सम्पन्न भएका करारीय दायित्व एवं सम्झौताहरु महासंघमा जस्तै संयुक्तराज्यमा समेत यसै संविधान अनुरुप वैध हुनेछन् ।

(२) यो संविधान तथा संविधान अन्तर्गत बनेका संयुक्तराज्यका कानूनहरु तथा प्रचलित सबै सन्धीहरु एवं संयुक्तराज्यको अख्तियार बमोजिम अवलम्बन गरिने सन्धीहरु मुलुकका सर्वोच्च कानून हुनेछन् । प्रत्येक राज्यका न्यायधीशहरु त्यस्ता कानूनका अधीनमा रहनेछन् र संविधान वा कुनै राज्यका कानूनसँग बाझिने सबै विषय बाझिएको हदसम्म अमान्य हुनेछन् ।

(३) यस संविधानमा उल्लेख गरिएका सिनेट तथा प्रतिनिधिहरु, विभिन्न राज्य व्यवस्थापिकाका सदस्यहरु तथा संयुक्तराज्य एवं अन्य राज्यहरुका सबै कार्यकारी तथा न्यायिक अधिकारीहरुले संविधानले तोके बमोजिमको सपथ ग्रहण गर्नेछन्, तर संयुक्तराज्य अन्तर्गतका कुनै सार्वजनिक निकाय वा कार्यालयका पदीय दायित्व निर्वाह गर्न कुनै प्रकारको धार्मिक परीक्षण आवश्यक पर्ने छैन ।

## धारा - ७

**विभिन्न राज्यहरुमा यो संविधानको कार्यन्वयनको लागि नौ राज्यका सभाहरुको अनुमोदन** प्रयाप्त हुने छ । हामी तपशिलका राज्यहरुको उपस्थितिमा सन् १८८७ को सेप्टेम्वर १७ तारेख तथा १२ औं अमेरिकी स्वतन्त्रता दिवसका दिन यो संविधान अनुमोदन गरी जारी गरेका छौं ।

| | |
|---|---|
| **जर्ज वासिङटन -** | राष्ट्रपति, र भर्जिनिया सहायक |
| **न्यू हेमसायर** | जोन ल्याङडोन<br>निकेलास गिलम्यान |
| **मासाचुसेट्स** | नाथानिल गोरहाम |

| | |
|---|---|
| | रुफूस किङ्ग |
| **कनेटिकट** | व्यी. स्टामूल जोनसन<br>रोजर सेरम्यान |
| **न्यू योर्क** | एलेक्जेण्डर हेमिल्टन |
| **न्यू जर्सि** | विल. लिभिङसन<br>डेभिड ब्रेयरलि<br>विल. पिटरसन<br>जोनाः केटन |
| **पेन्सिलभानिया** | बि. फ्रांकलिन<br>थोमस मिकलिन<br>रोब्ट मोटिस्<br>जियो क्लाइभर<br>थोस् फिजसाइमन्स<br>जेर्ड इन्गेरसोल<br>जेम्स उइल्सन्<br>गोउभ मोरिस |
| **डेलावयर** | जिवो  रिड<br>गानिङ्ग वेडफोर्ट जुन<br>जोन डिकक्सन्<br>रिचार्ड बासेट<br>जेको. ब्रुम् |
| **मेरिल्याण्ड** | जेम्स म्यकहेनरी<br>ड्यान अफ सेन्ट थोमस जेनिफर<br>डेनिल क्यारोल |
| **भर्जिनिया** | जोन ब्लेर<br>जेम्स म्याडिसन जु. |
| **नर्थ क्यारोलिना** | विलियम ब्लाउन्ट<br>रिचार्ड डोब्स स्पेट<br>हु विलियमसन |
| **साउथ क्यारोलिना** | जे. रुटलेज<br>चाल्स कोटेश्वर्य पिन्कनी<br>चाल्स पिन्कनी<br>पियर्स बट्लयर |
| **जोर्जिया** | विलियम फिउ |

एब्रा बाल्डविन
प्रमाणितकर्ता विलियम ज्याक्सन- सचिव

**महाअधिवेशन, सोमबार**
**सेप्टेम्बर १७, १७८७**

**उपस्थित राज्यहरु**

न्यू हेम्सायर, मासाचुसेट्स, कनेटिकट, न्यू योर्कका **श्रीमान** हेमिल्टन, न्यू जर्सि, पेनसिल्भानिया, डेलावयर, मेरिल्याण्ड, भर्जिनिया, नर्थ क्यारोलिना, साउथ क्यारोलिना र जोर्जिया ।

**विश्लेषण** यो संविधान संयुक्तराज्यको कांग्रेसको भेलामा प्रस्तुत गरिनेछ र अधिवेशनको राय अनुसार अधिवेशनका प्रतिनिधिलाई बुझाइनेछ जुन हरेक राज्यका जनताबाट चुनिएका हुनेछन् । व्यवस्थापिकाको सिफारिसका लागि सहमती र स्वीकृतिका लागि र हरेक अधिवेशनमा सोही सहमती र स्वीकृतिको जानकारी संयुक्तराज्यको भेलालाई दिनेछ ।

**विश्लेषण** नौवटा राज्यका सभाहरुद्धारा यो संविधानको अनुमोदन भए पछि संयुक्तराज्यको कांग्रेसको भेलाले उपयुक्त दिन तोकी राज्यले चयन गरेका मतदाता अनुसार स्वीकृत गरिनेछ, जुन दिन मतदाताहरु भेलाभई राष्ट्रपतिलाई मत खसाल्नेछन्, र त्यो संविधान अन्तर्गत समय र ठाउँ तोकिनेछ ।

निर्वाचन कार्यक्रमको प्रकाशनपछि मतदाताहरुको छनोट गरिनेछ, र सिनेटर तथा प्रतिनिधिहरु निर्वाचित हुनेछन् । तत् पश्चात्, राष्ट्रपतिको निर्वाचनका लागि ताकिएको दिनमा मतदाताहरु भेलाहुनेछन् र संविधान बमोजिम मतहरु खसाली, प्रमाणीकरण, हस्ताक्षर, र सिलबन्दी गरी संयुक्तराज्यको कांग्रेसको भेलामा पठाउने छन् । सिनेटरहरु तथा प्रतिनिधिसभा सदस्यहरु तोकिएको समय र ठाउँमा भेला हुनेछन् । सिनेटरहरुले सिनेटको अध्यक्षको चयन गर्नेछन्, जुन राष्ट्रपतिको मतगणनाको लागि मतपत्र खोल्न, गणना गर्न र राष्ट्रपति चयन हुने बित्तिकै कांग्रेस र राष्ट्रपतिले, बिना कुनै विलम्ब संविधानको लागू गर्नुपर्नेछ ।

अधिवेशनको सर्वसम्मत आदेश अनुसार
जर्ज वासिङटन् - राष्ट्रपति
डब्लू. ज्याक्सन - सचिव

८ संशोधनद्वारा कोष्ठभित्रको भाषामा परिवर्तन छ ।

## संशोधनहरू

### संशोधनः १

कांग्रेसले धार्मिक संस्थाहरु स्थापना गर्ने, धर्मको स्वतन्त्रता पूर्वक उपभोग गर्न निषेध गर्ने वा अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता, शान्तिपूर्वक भेला हुने स्वतन्त्रता तथा अधिकारको प्रचलनका लागि याचना दायर गर्न सक्ने स्वतन्त्रताको कटौती हुने गरी कुनै कानून बनाउन सक्नेछैन ।

### संशोधनः २

एउटा स्वतन्त्र राज्यको सुरक्षाका लागि आवश्यक व्यवस्थित रुपमा संचालित जनसेनाका लागि जनताको हातहतियार राख्न पाउने अधिकारको कटौती हुने छैन ।

### संशोधनः ३

कुनै पनि सैनिकलाई शान्तिको समयमा घर मालिकको अनुमति बिना घरमा आश्रय दिइने छैन र युद्धको समयमा कानूनले तोके बमोजिमको प्रकृया पुरा गरी आश्रय दिन सकिने छ ।

### संशोधनः ४

जनताको वैयक्तिक सुरक्षा, आवास तथा पत्रपत्रिकाको स्वतन्त्रता एवं अनुचित खानतलासी एवं अतिक्रमण विरुद्धको अधिकारको स्वतन्त्रता उल्लंघन हुने छैन् । बिना आधार र कारण वा निश्चित स्थानको उल्लेख नगरी पक्राउ पुर्जी जारी गर्ने तथा खानतलासी एवं जफत गर्ने कार्य गरिने छैन् ।

### संशोधनः ५

युद्ध वा सार्वजनिक खतराको समयमा थल, जल वा जनसेनासँग सम्बन्धित विषयहरुमा बाहेक कुनै पनि व्यक्तिलाई ग्राण्ड जुरीको अभियोग वा उपस्थिति बिना मृत्यु दण्ड वा अन्य गम्भीर अपराधमा समेत बयान दिन बाध्य गरिने छैन । कुनै पनि व्यक्ति उपर त्यसै कसुरमा एक पटक भन्दा बढी मुद्दा चलाइने र सजाय गरिने छैन; कुनै फौजदारी कसुरको अभियोगमा आफ्नो विरुद्ध साक्षी हुन कर लगाइने छैन; कानूनी प्रकृया बाहेक जीवन, स्वतन्त्रता र सम्पत्तिको अधिकारबाट वञ्चित गरिने छैन र बिना कुनै उचित क्षतिपूर्ति व्यक्तिको निजी सम्पत्ति सार्वजनिक हितकालागि अधिग्रहण गरिने छैन ।

### संशोधनः ६

सबै फौजदारी अभियोजनहरुमा अभियुक्तले अपराध भएको स्थानको जिल्ला तथा राज्यको निष्पक्ष जुरीद्धारा छिटो तथा सार्वजनिक सुनुवाईको अधिकार प्राप्त गर्नेछ । त्यस्तो अभियुक्तलाई अभियोगको कारण तथा प्रकृति थाहा पाउने, आफू विरुद्धका साक्षीहरुको जिरह गर्ने, आफ्नो पक्षमा साक्षीहरु राख्न पाउने तथा आफ्नो प्रतिरक्षाकालागि परामर्शको सहायता लिन पाउने अधिकार हुनेछ ।

### संशोधनः ७

दश डलर भन्दा बढी विगो समावेश भएका सामान्य प्रकृतिका विवादहरुको हकमा जुरीद्धारा गरिने पुर्पक्षको अधिकार प्राप्त हुनेछ र जुरीद्धारा परीक्षण गरिएका कुनै पनि तथ्यहरु सामान्य कानूनका नियमहरुमा अन्यथा उल्लेख भएकोमा बाहेक संयुक्तराज्यका कुनै पनि अदालतद्धारा पुनः परीक्षण गरिने छैन ।

### संशोधनः ८

अत्याधिक जमानत, अत्याधिक जरिवाना तथा अमानवीय एवं असाधारण दण्ड-सजाय तोकिने छैन ।

### संशोधनः ९

संविधानपद्धत्त अधिकारहरुको व्याख्या जनताद्धारा प्राप्त अन्य अधिकारहरुको विरुद्ध हुने गरी गरिने छैन ।

### संशोधनः १०

संविधानद्धारा संयुक्तराज्यलाई प्रत्यायोजन नगरिएका तथा राज्यहरुलाई निषेध नगरिएका अधिकारहरु सम्बन्धित राज्य वा जनताहरुमा निहित रहेको मानिने छ ।

### संशोधनः ११

कांग्रेसले पारित मार्च ४, १७९४ अनुमोदन फेब्रुअरी ७, १७९५ (नोट संविधानको अनुच्छेद ३ को एक खण्डमा भाग २, ११ औं संशोधनले परिमार्जित गरेको ।

संयुक्त राज्यको न्यायिक अधिकार अर्को राज्यका नागरिक वा कुनै विदेशी राज्यका नागरिक वा विषयद्धारा संयुक्तराज्यको कुनै एक राज्य विरुद्ध प्रारम्भ वा अभियोजन गर्ने कुनै कानून वा न्यायको विषय सम्म विस्तारित हुने गरी व्याख्या गरिने छैन ।

### संशोधनः १२

निर्वाचकहरुले आफ्नै राज्यमा गोप्य मतदान मार्फत् राष्ट्रपति र उपराष्ट्रपतिलाई मतदान गर्न पाउनेछन् । यसरी मतदान गर्दा राष्ट्रपति वा उपराष्ट्रपति दुई जनामध्ये एक जना त्यस्तो राज्यको बासिन्दा हुनु हुँदैन । राष्ट्रपति र उपराष्ट्रपतिलाई छुट्टा–छुट्टै मतपत्रमा गोप्य मतदान गर्नु पर्नेछ । मतदान भइसकेपछि राष्ट्रपति र उपराष्ट्रपतिको सूची तयार गरेर उनीहरुले पाएको मतसंख्या प्रमाणित र हस्ताक्षर गरिने छ । यस्तो सूची मोहर लगाएर सिनेटका अध्यक्षलाई पठाउनु पर्नेछ । सिनेटका अध्यक्षले सिनेटका सदस्यहरु र प्रतिनिधिसभाको सदस्यहरुको उपस्थितिमा सबै मतपत्रहरु र कागजातहरू खोल्नेछन् । मतगणना अनुसार जसले बहुमत प्राप्त गर्छ त्यस्तो व्यक्ति राष्ट्रपति हुनेछन् । कुनै पनि व्यक्तिले बहुमत हासिल गर्न नसकेमा अधिकतम तीन जना राष्ट्रपति प्रतिनिधिहरुको सूची पुनः बनाइनेछ । यस्तो सूची तयार पार्दा प्राप्त अधिकतम मत प्राप्त गर्ने तीन जनालाई छानिने छ। प्रतिनिधिसभाले सूचीकृत प्रतिनिधिहरुलाई गोप्य मतबाट राष्ट्रपतिका लागि चुन्न सक्नेछ । यसरी राष्ट्रपति छान्दा राज्यले मतदान गर्न पाउनेछ । प्रत्येक राज्यका प्रतिनिधिहरुले एक मताधिकार प्रयोग गर्नेछन् । यसरी मतदान गर्दा प्रत्येक राज्यका दुई तिहाई प्रतिनिधिहरु उपस्थित हुनुपर्नेछ । यसरी मतदान गर्दा राष्ट्रपतिका लागि योग्य हुने सबै राज्यहरुको बहुमत हासिल गर्नुपर्नेछ । (यसरी प्रतिनिधिसभाका सदस्यहरुले निश्चित अवधिमा मार्चको चौथो दिनभन्दा अगाडि

छान्न नसकेमा उपराष्ट्रपतिले राष्ट्रपतिको कार्यभार सम्हाल्नेछन् । जस्तैः मृत्यु र अन्य कानूनी अयोग्यताको अवस्थामा ।)

उपराष्ट्रपतिका उम्मेदवारहरूमध्ये, सर्वाधिक मत प्राप्त गर्ने व्यक्ति उपराष्ट्रपतिमा छानिनेछ । यस्तो प्राप्त मत सूचिकृत निर्वाचकहरुको बहुसंख्यक हुनुपर्छ । यदि कुनै पनि प्रतिनिधिले बहुमत हासिल गर्न नसकेमा प्राप्त मतसंख्यालाई आधार मानेर अत्याधिक मत प्राप्त गर्ने दुई उपराष्ट्रपति प्रतिनिधिहरुको सूची तयार गरिनेछ । सिनेटले उपराष्ट्रपति छान्नेछ । यसरी उपराष्ट्रपति छान्न सिनेटका दुई तिहाई प्रतिनिधिहरु उपस्थित हुनुपर्नेछ र उपस्थित प्रतिनिधिहरुको बहुमतले उपराष्ट्रपति छान्न सक्नेछ । संयुक्त राज्यको लागि राष्ट्रपति पदमा अयोग्य ठहरिएको व्यक्ति उपराष्ट्रपति पदका लागि योग्य ठहरिनेछ ।

### संशोधनः १३

जनवरी ३१, १८६५ मा कांग्रेसद्वारा पारित, डिसेम्बर ६, १८६५ मा अनुमोदन गरिएको ।
(नोटः संविधानको अनुच्छेद (घ) भाग २ लाई तेह्रौं संशोधनले परिमार्जित गरेको छ ।)

**भाग-१**. कानून बमोजिम आरोप प्रमाणित भइसकेको अवस्थामा बाहेक संयुक्तराज्य वा त्यस अन्तर्गतका अरु कुनै भूभागमा दासता वा दासत्व सम्बन्धि अवस्था विद्यमान रहने छैन् ।

**भाग-२**. उपयुक्त कानूनद्वारा यस भागको लागू गर्ने अधिकार काँग्रेसमा निहित रहनेछ ।

### संशोधनः १४

काँग्रेसले जुन १३, १८६६ मा पारित, जुलाई ९ १८६८ मा अनुमोदन गरेको
(नोटः संविधानको अनुच्छेद १ भाग २, चौधौं संशोधनमा भाग २ द्वारा परिमार्जित गरेको ।

**भाग-१**. संयुक्तराज्य वा यसको क्षेत्राधिकार भित्र जन्मिएका वा अंगिकृत नागरिकता प्राप्त गरेका व्यक्तिहरु संयुक्तराज्य तथा राज्यका नागरिकहरु हुनेछन् । संयुक्तराज्यका नागरिकहरुको हक अधिकार तथा सुविधाहरु कटौती हुनेगरी कुनै पनि राज्यले कुनै कानून बनाउने वा लागू गर्ने छैन, कानूनको उचित प्रकृया विना कुनै पनि राज्यले व्यक्तिको जीवन, स्वतन्त्रता वा सम्पत्तिको अधिकारबाट वञ्चित हुनेगरी कुनै कानून बनाउने छैन र कुनै पनि व्यक्तिलाई आफ्नो क्षेत्राधिकार भित्र कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।

**भाग-२**. करको दायरामा नआउने आदीवासी जनजातीहरु बाहेक प्रत्येक राज्यमा जनसंख्याको गणना गरी सोको अनुपातमा विभिन्न राज्यहरुका लागि प्रतिनिधिहरु छुट्याइने छ । तर संयुक्तराज्यको राष्ट्रपति र उपराष्ट्रपति, कांग्रेसका प्रतिनिधिहरु, राज्यका कार्यकारी तथा न्यायिक अधिकारीहरु वा व्यवस्थापिका सदस्यहरुका लागि निर्वाचकको छनोट गर्ने कुनै पनि निर्वाचनमा २१ वर्ष नपुगेका त्यस्ता राज्यका पुरुष बासिन्दाहरु तथा शसस्त्र विद्रोह वा अन्य अपराधमा संलग्न भएका व्यक्तिहरु मताधिकारका लागि योग्य मानिने छैनन् ।

**भाग-३**. कांग्रेसको सदस्य, संयुक्तराज्यको पदाधिकारी, कुनै पनि राज्य व्यवस्थापिकाको सदस्य वा कुनै राज्यको कार्यकारी वा न्यायिक अधिकारीको हैसियतमा पदभार लिई सकेको व्यक्ति वा राज्य विरुद्धको अपराधमा संलग्न, वा राज्यका शत्रुहरुलाई सहयोग वा राहत प्रदान गर्ने कुनै पनि व्यक्ति सिनेटर वा

कांग्रेसको प्रतिनिधि वा राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचक वा कुनै पनि राज्य वा संयुक्तराज्य अन्तर्गतका कुनै निजामती वा सैनिक सेवामा रहने छैन ।

**भाग-४**. कानूनद्धारा अधिकार प्राप्त निवृत्तिभरणको भुक्तानी तथा विद्रोह वा राजद्रोहलाई नियन्त्रण गर्ने सम्बन्धमा भएका खर्चलगायत संयुक्तराज्यका सार्वजनिक खर्चको वैधता माथि प्रश्न उठाइने छैन । तर कुनै राज्य अथवा सरकारलाई राजद्रोही र विद्रोही क्रियाकलापमा सहयोग पुऱ्याउन र दासहरुको बन्धनमुक्तिका लागि कुनै किसिमको खर्च वा दायित्व पूर्ति गर्न पाउने अधिकार रहनेछैन र त्यस्ता खर्चहरु गैह्रकानूनी तथा अमान्य मानिनेछन् ।

**भाग-५**. यस भागमा उल्लेखित प्रावधानहरुको उचित कानूनी व्यवस्था अनुसार लागू गर्ने अधिकार कांग्रेसमा निहित रहने छ ।
८ २६ सौं संशोधनद्वारा भाग १ परिवर्तन गरिएको छ ।

### संशोधनः १५

फेब्रुअरी २६, १८६९ मा कांग्रेसले पारित गरी फेब्रुअरी ३, १८७० मा स्वीकृत ।

**भाग-१**. जात, वर्ण वा दासत्वको पूर्व अवस्थाको आधारमा संयुक्तराज्यका जनताहरुको मतदान गर्न पाउने अधिकार संयुक्तराज्य वा कुनै पनि राज्यद्धारा वञ्चित वा कटौती गरिने छैन ।

**भाग-२**. उपयुक्त कानूनद्वारा यस भागको लागु गर्ने अधिकार काँग्रेसमा निहित रहनेछ ।

### संशोधनः १६

जुलाई २, १९०९ मा कांग्रेसले पारित गरी फेब्रुअरी ३, १९१३ मा स्वीकृत ।
(नोटः संविधानको अनुच्छेद १, भाग ९, सोह्रौ संशोधनले परिमार्जित)

धेरै राज्यहरुमा संविभाजन नगरी वा जनगणना वा सविस्तार वर्णन नगरी कुनै पनि स्रोतबाट आर्जित आयहरुमा कर लगाउने र संकलन गर्ने अधिकार कांग्रेसमा रहनेछ ।

### संशोधनः १७

मे १३, १९१२ मा कांग्रेसले पारित गरी अप्रिल ८, १९१३ मा स्वीकृत ।
(नोटः संविधानको अनुच्छेद १, भाग ३, सत्रौं संशोधनले परिमार्जित)

प्रत्येक राज्यबाट छ वर्षका लागि दुईजनाका दरले जनताद्धारा निर्वाचित सिनेटरहरुबाट संयुक्तराज्य अमेरिकाको सिनेट गठन हुनेछ र प्रत्येक सिनेटरलाई एक मतको अधिकार रहनेछ । राज्यको व्यवस्थापिकाका धेरै अंगहरुका लागि आवश्यक योग्यता नै प्रत्येक राज्यका निर्वाचकहरुको लागि आवश्यक योग्यता हुनेछ ।

कुनै राज्यको सिनेटमा प्रतिनिधित्व रिक्त हुन गएमा त्यस्तो राज्यको कार्यकारी अधिकारीले त्यस्तो रिक्त स्थान पूर्ति गर्न निर्वाचनसम्बन्धी आदेश पत्र जारी गर्नेछ । यस भागमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रत्येक राज्यको व्यवस्थापिकाले कार्यपालिकालाई व्यवस्थापिकाले निर्देश गरे अनुसार निर्वाचनको

माध्यमद्धारा जनताले त्यस्ता रिक्त स्थानहरु पूर्ति नगरेसम्मका लागि अस्थायी नियुक्ति गर्न अख्तियारी दिन सक्नेछ ।

यो संशोधन संविधानको अंगको रुपमा लागू हुनु पूर्व निर्धारित भैसकेको कुनै सिनेटरको पदावधी वा निर्वाचनलाई असर गर्ने गरी यो संशोधनको व्याख्या गरिने छैन ।

## संशोधनः १८

डिसेम्बर १८,१९१७ मा कांग्रेसले पारित गरी जनवरी १६, १९१९ मा स्वीकृत, २१ औं संशोधनद्वारा डिसेम्बर ५,१९३३ मा खारेज ।

**भाग-१**. यस भागको अनुमोदन भएको मितिले १ वर्षपछि संयुक्तराज्य र बौद्धिक अधिकारसँग सम्बन्धित सबै क्षेत्रमा मादक पदार्थको उत्पादन, बेचविखन, ढुवानी, आयात वा निर्यात पेयको उद्देश्यले निषेध गरिएको छ ।

**भाग-२**. कांग्रेस तथा विभिन्न राज्यहरुलाई उचित कानूनद्धारा यस भागको कार्यान्वन गर्ने संयुक्त अधिकार हुनेछ ।

**भाग-३**. संविधानमा व्यवस्था गरिए अनुसार विभिन्न राज्यका व्यवस्थापिकाहरुले कांग्रेसद्धारा राज्यलाई स्वीकृति प्रदान गरेको मितिबाट सात वर्ष भित्र संविधानको संशोधनको रुपमा यसलाई अनुमोदन नगरेसम्म यो भाग निष्कृय भएको मानिने छ ।

## संशोधनः १९

कांग्रेसले पारित जुन ४, १९१९ अनुमोदन अगष्ट १८, १९२०

लिङ्गको आधारमा संयुक्तराज्य वा अन्य कुनै राज्यद्धारा संयुक्तराज्यका नागरिकहरुको मतदान गर्ने अधिकारको वञ्चित वा कटौती गरिने छैन ।

उपयुक्त कानूनद्वारा यस भागको लागु गर्ने अधिकार कांग्रेसमा निहित रहनेछ ।

## संशोधनः २०

(मार्च २, १९३२ मा कांग्रेसद्वारा पारित, जनवरी २३ १९९३ मा अनुमोदन गरिएको)
(नोटः सविधानको धारा १को भाग २ ले अनुमोदन गरेको छ । यसका अलावा १२ औं संशोधनको खण्डलाई धारा १ भाग ३ ले रद्द गरेको छ ।)

**भाग-१**. यस भागको अनुमोदन नभएसम्म राष्ट्रपति तथा उपराष्ट्रपतिको पदावधी जनवरीको २० को मध्यान्तरमा र सिनेटर प्रतिनिधिहरुको पदावधी जनवरी ३ को मध्यान्तरमा समाप्त हुनेछ र उनका उत्तराधिकारीहरुको पदावधी शुरु हुनेछ ।

**भाग-२**. कानूनले अर्को व्यवस्था नगरुन्जेलसम्म कांग्रेसको बैठक वर्षमा कम्तीमा पनि एक पटक बस्नेछ र यस्तो बैठक जनवरीको तेस्रो दिनको मध्यान्तरमा शुरु हुनेछ ।

**भाग-३**. यदि निर्वाचित राष्ट्रपतिको कार्यअवधि तोकिएको समय अवधि अगावै मृत्यु भएमा निर्वाचित उपराष्ट्रपतिले राष्ट्रपतिको कार्यभार सम्हाल्ने छ । यदि तोकिएको कार्यअवधिको समयमा राष्ट्रपति निर्वाचित हुन नसकेमा अथवा निर्वाचित राष्ट्रपति अयोग्य ठहरिएमा निर्वाचित उपराष्ट्रपतिले राष्ट्रपति योग्य नठहरिएको मिति सम्म कार्यभार सम्हाल्ने छ । राष्ट्रपति र उपराष्ट्रपति निर्वाचित दुबै अयोग्य ठहरिएको अवस्थामा काँग्रेसले कानून अनुसार कसलाई राष्ट्रपतिको कार्यभार सम्हाल्न दिने भन्ने अधिकार निहित रहने छ । यसरी नियुक्त गरिएको व्यक्तिको कार्यअवधि राष्ट्रपति वा उपराष्ट्रपति योग्य नठहरिञ्जेलसम्म रहने छ ।

**भाग-४**. छनोटको अधिकार प्रतिनिधिहरुमा निहित रहने व्यवस्था भएमा कांग्रेसले कुनै पनि राष्ट्रपति पदको लागि योग्य उमेदरवारको मृत्यु भएमा सो पदका लागि उमेदवार प्रतिनिधिसभाका सदस्यहरुबाट छनौट गर्न सक्नेछ, र छनोटको अधिकार सिनेटमा निहित रहने व्यवस्था भएमा सिनेटले कुनै पनि उपराष्ट्रपति पदको योग्य उमेदवारको मृत्यु भएमा सो पदका लागि उमेदवार सिनेटबाट छनोट गर्न सक्नेछ ।

**भाग-५**. यस भागको अनुमोदन भएपश्चात् अक्टोबर १५ देखि भाग १ र २ लागू हुनेछ ।

**भाग-६**. संविधानमा व्यवस्था गरिए अनुसार विभिन्न राज्यका व्यवस्थापिकाहरुले कांग्रेसद्धारा राज्यलाई स्वीकृति प्रदान गरेको मितिबाट सात वर्ष भित्र विधायिकाको तीन-चौथाई बहुमतद्वारा संविधानको संशोधनको रुपमा यसलाई अनुमोदन नगरेसम्म यो भाग निष्कृय भएको मानिने छ ।

## संशोधनः २१

फेब्रुअरी २०, १९३३ मा कांग्रेसद्वारा पारित, डिसेम्बर ५, १९३३ मा अनुमोदन गरिएको ।

**भाग-१**. संयुक्तराज्यको संविधानको संशोधनको १८ औं भाग खारेज गरिएको छ ।

**भाग-२**. संयुक्तराज्य वा कुनै राज्यको क्षेत्रभित्र मादक पदार्थको गैरकानूनी उत्पादन, बेचबिखन, ढुवानी, आयात वा निर्यात निषेध गरिएको छ ।

**भाग-३**. संविधानमा व्यवस्था गरिए अनुसार विभिन्न राज्यका व्यवस्थापिकाहरुले कांग्रेसद्धारा राज्यलाई स्वीकृत प्रदान गरेको मितिबाट सात वर्ष भित्र संविधानको संशोधनको रुपमा यसलाई अनुमोदन नगरेसम्म यो भाग निष्कृय भएको मानिने छ ।

## संशोधनः २२

(मार्च २१, १९४७ मा कंग्रेसद्वारा पारित, फेब्रुअरी २७, १९५१ मा अनुमोदित)

**भाग-१**. कुनै पनि व्यक्ति राष्ट्रपति पदमा दुईपटक भन्दा बढी कार्यकालका लागि निर्वाचित हुन पाउने छैन् । राष्ट्रपतिको पदभार ग्रहण नगरेको व्यक्ति वा राष्ट्रपतिको पदभार दुई वर्षभन्दा कम समयका लागि सम्हालेको व्यक्ति अर्को एक कार्यकालका लागि राष्ट्रपति पदका लागि योग्य हुनेछ । कांग्रेसले प्रस्तावित गर्दा राष्ट्रपतिको पदभार सम्हालिरहेको व्यक्तिको हकमा भने यो व्यवस्था लागु हुनेछैन् । यस्तै राष्ट्रपति वा कार्यवाहक राष्ट्रपति कार्यरत समय राष्ट्रपति वा कार्यवाहक राष्ट्रपतिको हकमा यो धारा लागु हुनेछैन् ।

**भाग-२**. संविधानमा व्यवस्था गरिए अनुसार विभिन्न राज्यका व्यवस्थापिकाहरुले कांग्रेसद्धारा राज्यलाई स्वीकृत प्रदान गरेको मितिबाट सात वर्ष भित्र विधायिकाको तीन-चौंथाई वहुमतद्वारा संविधानको संशोधनको रुपमा यसलाई अनुमोदन नगरेसम्म यो भाग निष्कृय भएको मानिने छ ।

## संशोधनः २३

जुन १६, १९६० मा कंग्रेसद्वारा पारित, मार्च २९, १९६१ मा अनुमोदन गरिएको ।

**भाग-१**. कांग्रेसले निर्देशन गरे बमोजिम संयुक्तराज्यका जिल्ला सरकारहरु निम्न बमोजिम गठन हुनेछन् : जिल्ला नै एकराज्य भएको अवस्थामा अधिकारप्राप्त सिनेटर र काँग्रेसका प्रतिनिधिहरुको सम्पूर्ण संख्या बराबरको राष्ट्रपति र उपराष्ट्रपतिका निर्वाचकहरु चुनिनेछन् । तर सबैभन्दा कम जनसंख्या भएको राज्यको हकमा राज्यले मनोनयन गरेका व्यक्तिहरु मात्र राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनका लागि सरोकारित हुनेछन् । निजहरुको बैठक जिल्लामा बस्नेछ र निजहरुले संशोधनको १२ औं भागद्वारा तोकिए बमोजिमका कर्तव्यहरु पुरा गर्नेछन् ।

**भाग-२**. उपयुक्त कानूनद्वारा यस भागको लागु गर्ने अधिकार कांग्रेसमा निहित रहनेछ ।

## संशोधनः २४

अगष्ट २७, १९६२ मा कांग्रेसद्वारा पारित, मार्च २९ १९६१ मा अनुमोदन गरिएको हो ।

**भाग-१**. प्रारम्भिक चरणका निर्वाचन एवं अरु राष्ट्रपति एवं उपराष्ट्रपतिको निर्वाचन वा राष्ट्रपति एवं उपराष्ट्रपतिका निर्वाचक चुनिने निर्वाचन अथवा सिनेटर एवं कांग्रेसका प्रतिनिधि चुन्ने निर्वाचनमा मत दिन पाउने संयुक्तराज्य अमेरिकाका जनताका अधिकारलाई निर्वाचन कर वा अरु कर नतिरेको कारण देखाई वञ्चित गराउन पाउने छैन ।

**भाग-२**. उपयुक्त कानूनद्वारा यस भागको लागु गर्ने अधिकार काँग्रेसमा निहित रहनेछ ।

## संशोधनः २५

कंग्रेसले पारित जुलाई ६, १९६५, अनुमोदन फेब्रुअरी १०, १९६७)
(नोटः संविधानको अनुच्छेद २, भाग १, २५ औं संशोधनले परिमार्जित)

**भाग-१**. राष्ट्रपति पदबाट मुक्तभएमा, निजको मृत्यु भएमा वा निजले पदबाट राजीनामा दिएमा उपराष्ट्रपति राष्ट्रपति बन्नेछन् ।

**भाग-२**. उपराष्ट्रपतिको पद रिक्त हुन आएमा राष्ट्रपतिले उपराष्ट्रपतिको मनोनयन गर्नेछन् र कांग्रेसका दुबै सदनहरुको बहुमतद्वारा त्यस्तो मनोनयन पारित गरिनेछ ।

**भाग-३**. राष्ट्रपतिले आफ्नो **पदीय** अधिकार तथा कर्तव्यहरु बहन गर्न नसक्ने घोषणा लिखित रुपमा सिनेटका कार्यबाहक अध्यक्ष तथा प्रतिनिधिसभाका सभामुख समक्ष पेश गरेमा त्यस्तो जिम्मेबारी उपराष्ट्रपतिद्वारा कार्यवाहक राष्ट्रपतिको हैसियतमा बहन गरिनेछ ।

**भाग-४**. उपराष्ट्रपति तथा कार्यकारी विभागका मुख्य पदाधिकारीहरु वा कांग्रेसले कानूनद्वारा तोकेका निकायका अधिकारीहरुको बहुमतले आफ्नो **पदीय** अधिकार र कर्तव्यको पालना गर्न राष्ट्रपति असक्षम छ भनी लिखित रूपमा सिनेटका कार्यवाहक अध्यक्ष तथा प्रतिनिधिसभाका सभामुख समक्ष प्रस्ताव पेश गरेमा उपराष्ट्रपतिले कार्यवाहक राष्ट्रपतिको हैसियतमा तत्काल पद ग्रहण गर्नेछ । उपराष्ट्रपति तथा कार्यकारी विभागका मुख्य पदाधिकारीहरु वा कांग्रेसले कानूनद्वारा तोकेका निकायका अधिकारीहरुको बहुमतले ४ दिनभित्र आफ्नो **पदीय** अधिकार र कर्तव्यको पालना गर्न राष्ट्रपति असक्षम छ भनी लिखित रूपमा सिनेटका कार्यवाहक अध्यक्ष तथा प्रतिनिधिसभाका सभामुख समक्ष प्रस्ताव पेश गर्न नसकेमा र राष्ट्रपतिले सिनेटका कार्यवाहक अध्यक्ष तथा प्रतिनिधिसभाका सभामुख समक्ष आफु असक्षम नभएको लिखित जवाफ पेश गरेमा निजले आफ्नो अधिकार तथा कर्तव्य पु**नर्वहाली** गर्नेछ ।

यस सम्बन्धमा कांग्रेसले अधिवेशन नबसेको अवस्थामा ४८ घण्टाभित्र अधिवेशन बोलाई त्यसबारेमा निर्णय गर्नेछ । पछिल्लो लिखित प्रस्ताव प्राप्त गरेको २१ दिनभित्र वा कांग्रेसको अधिवेशन आव्हान भएको २१ दिनभित्र बैठक बस्न नसकी दुवै सदनको दुई तिहाई मतद्वारा राष्ट्रपति आफ्नो **पदीय** अधिकार तथा कर्तव्य बहन गर्न असक्षम छ भनी निर्णय भएमा, उपराष्ट्रपतिले कार्यवाहक राष्ट्रपतिको हैसियतमा उक्त पदको निरन्तरता दिनेछ । अन्यथा राष्ट्रपतिले त्यस्तो **पदीय** अधिकार तथा कर्तव्यहरू पुनः बहन गर्नेछ ।

## संशोधनः २६

कांग्रेसले पारित मार्च २३, १९७१, अनुमोदन जुलाई १, १९७१ ।
(नोटः संविधानको संशोधन १४, भाग २, २६ औं संशोधन भाग १ बाट परिमार्जित)

**भाग-१**. उमेरको आधारमा संयुक्तराज्यका १८ वर्ष वा सो भन्दा बढी उमेरका जनताको मतदान गर्ने अधिकार संयुक्त राज्य वा कुनै पनि राज्यले वञ्चित वा कटौती गर्नेछैन् ।

**भाग-२**. उपयुक्त कानूनद्वारा यस भागको लागु गर्ने अधिकार कांग्रेसमा निहित रहनेछ ।

## संशोधनः २७

प्रथम प्रस्ताव सेप्टेम्बर २५, १७८९, अनुमोदन मे ७, १९९२ ।
निर्वाचित प्रतिनिधिहरुद्वारा अन्यथा निर्णय भएको अवस्थामा बाहेक कुनै पनि कानूनद्वारा सिनेटर तथा प्रतिनिधिहरुको सेवा–सुविधामा हेरफेर गर्न पाईनेछैन् ।